यस मिथिला नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षता निम्न अनुसारको उपस्थितमा मिति २०८२।१०।०३ गते शनिबार दिनको १:०० बजे नगरपालिकाको सभा हलमा तपसिल वमोजिमका प्रस्तावहरुमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक वसियो।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पंद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदान | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री हरि शंकर यादब | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०८२।१०।०३ गते**

**बैठकका प्रस्तावहरु:**

प्रस्ताव नं.१) संस्थागत विधालयबाट छात्रावृति सम्बन्धमा ।

प्रस्ताव नं.२) नगर प्रहरी भर्ना सम्बन्धमा ।

प्रस्ताव नं.३) सामुदायिक विधालयहरुको लेखापरिक्षक सम्बन्धमा ।

प्रस्ताव नं.४) विविध सम्बन्धमा।

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

**मिति २०८२।१०।०३ गते**

**बैठकका निर्णयहरु:**

निर्णय नं.१) प्रस्ताव नं १ मा छलफल गर्दा देहाय अनुसार निर्णय पारित गरियो।

देहाय

१. अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५को दफा ११ उपदफा १ वमोजिम निजी विधालयबाट प्रदान गरिने छात्रावृत्ति, विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने बालबालिकाको पहिचान छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्न मिथिला नगरपालिकामा देहाय वमोजिमको समिति रहनेछ ।

तपिसल

- नगरप्रमुख - अध्यक्ष
- वडा अध्यक्ष श्री चन्द्र बहादुर बुलन तामाङ्ग - सदस्य
- कार्यपालिका सदस्य श्री श्री विशेश्वर साह हलुवाई - सदस्य
- नगर प्रमुखले तोके वमोजिम - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

२. चालु शैक्षिक सत्र देखि नै छात्रावृत्ति प्रदानका लागि प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं.२) प्रस्ताव नं २ मा छलफल गर्दा नगर प्रहरी भर्ना सम्बन्धमा देहाय अनुसार निर्णय पारित गरियो।

देहाय

१. नगरपालिकाको स्वीकृत दरवन्दीमा वा कार्यक्रम अन्तर्गत पदपुर्ति गर्नका लागि सङ्घिय/प्रदेश लोक सेवा आयोगले प्रकाशन गरेको बैकल्पिक सूचिमा परेका उम्मेदवारहरुलाई सोझै नियुक्ति गर्ने ।

निर्णय नं.३) प्रस्ताव नं ३ मा छलफल गर्दा सामुदायिक विधालयहरुको लेखापरिक्षक सम्बन्धमा देहाय अनुसार निर्णय पारित गरियो।

देहाय

१. सूचिकृत वा व्यवसाय कर तिरेकालाई रजिष्टार लेखा पारिक्षकहरुलाई मात्र सामुदायिक विधालयहरुमा लेखा परिक्षण गर्नका लागि खटाउने।

निर्णय नं.४) प्रस्ताव नं ४ मा छलफल गर्दा विविध सम्बन्धमा देहाय अनुसार निर्णय पारित गरियो।

देहाय

१. सार्वजानिक खरिद ऐन/नियमावली वमोजिम सोझै खरिद प्रक्रियालाई सम्भव भएसम्म बढी खुल्ला पारदर्शी र प्रतिस्प्रर्धा वनाउनका लागि कार्यालयबाट आवश्यक व्यवस्था गर्ने/गराउने ।